**संवत् २०७७ साल बैशाख ०४ गते बिहिबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. प्रदेश सभा, कर्णाली प्रदेशको चालु पाँचौ अधिवेशन मिति २०७७।०१।०५ गते शुक्रबार रातको १२.०० बजे देखि अधिवेशन अन्त्य गर्ने।

२. कोरोना भाइरस (COVID -19) प्रभावित जनतालाई राहत उपलब्ध गराउन चाहने व्यक्ति वा संघ-संस्थाहरुले सोझै समुदायमा पुगी राहत वितरण गर्न नपाउने र राहत रकम वा सामग्री सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराइ स्थानीय तहबाट मात्र वितरण गर्ने व्यवस्था मिलाउने।

३. आवागमनको कारणबाट सामुदायिक संक्रमणको सम्भावनाको रोकथामका लागि नागरिकहरु जहाँ जुन स्थानमा छन् सोही स्थानमा रहने बस्ने व्यवस्था मिलाउने र सुरुवाती बिन्दुबाट नै प्रस्थान तथा आवागमन गर्न नपाउने गरी रोक लगाइ लकडाउनलाई अझ प्रभावकारी बनाउन नेपाल सरकार समक्ष अनुरोध गर्ने।

४. स्थानीय तह, जिल्ला र प्रदेशले फरक स्थानीय तह, जिल्ला र प्रदेशका वासिन्दालाई विभेद र अपमानजनक व्यवहार गर्ने, आफ्नो सीमाना कटाइ अलपत्र अवस्थामा छोड्ने गरेको समेत पाइएको र यस्तो प्रवृत्तिले जनताको जीउ धनको सुरक्षामा समेत जोखिम बढेको हुँदा सबै नागरिकहरुलाई समान व्यवहार गर्न र सम्मानजनक अवस्थाको सृजना गरी सुरक्षा प्रत्याभूति गराउन सबै प्रदेश, जिल्ला र स्थानीय तहलाई निर्देशन हुनका लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित मन्त्रालयबाट उपलब्ध हुनेछन्।**